**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जानकीगाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ४४ प्रमाणीकरण : २०८२/०९/१५

प्रकाशन : २०८२/०९/२८

**भाग-२**

**जानकी गाउँपालिका,बाँकेको**

## शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधी,२०८२

**प्रस्तावना:**

जानकी गाउँपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकहरुको अस्पताल, दुर्घटनास्थल,वासस्थान तथा समुदाय आदि स्थानहरुमा विभिन्न कारणबाट मृत्यु भएका मृत व्यक्तिको शव हकवाला,आफन्त तथा सरोकारवालाले आ¯आफ्नो धर्म संस्कृति चालचलन बमोजिम अन्त्येष्टि गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक भएकोले जानकी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को

**दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधि,२०८२ तयार गरी गाउँकार्यपालिकाको मिति २०८२।०८।१५ गतेको बैठकवाट यो कार्यविधि स्वीकृती गरी लागु गरेको छ ।**

परिच्छेद –१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०८२** रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) "कार्यविधि" भन्नाले **"शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०८२"** सम्झनु पर्छ ।

ख) "नगरपालिका" भन्नाले जानकी गाउँपालिकालाई सम्झनु पर्छ।

ग) "गाउँ प्रमुख" भन्नाले जानकी गाउँपालिकाको गाउँ कार्यपालिका गाउँ प्रमुखलाई सम्झनु पर्छ ।

घ) "गाउँ उपप्रमुख" भन्नाले जानकी गाउँपालिकाको गाउँ कार्यपालिका गाउँ उप्रमुखलाई सम्झनु पर्छ।

ङ) समिति भन्नाले दफा ९ बमोजिमगठित शव दाहासंस्कारका लागि ब्यवस्थापन समिति सम्झनु पर्छ ।

च) "सदस्य"भन्नाले शव दाहासंस्कारका लागि व्यवस्थापन समितिका सदस्य सम्झनु पर्छ"र सो शव्दले समितिको संयोजक समेतलाई जनाउदछ ।

छ) "शव" भन्नाले मृत्यू प्रमाणित भएको व्यक्तिको शरीर सम्झनु पर्छ

ज) "शव दाहासंस्कार" भन्नाले मृतकका हकवालाहरुले आ- आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम शवको अन्त्येष्टि गर्ने कार्यलाई सम्झनु पर्छ ।

झ) "दाउरा" भन्नाले हिन्दु परम्परा अनुसार शव अन्त्यष्ठि गरिदा प्रयोग गरिने वन जंगालबाट उत्पादित काठलाई सम्झनु पर्नेछ ।

ञ) "हकवाला" भन्नाले मुलुकी देवानी संहिताको दफा २३९ बमोजिमका व्यक्तिहरु सम्झनु पर्नेछ ।

**३.कार्यविधिको उद्धेश्यः**

क) मृत व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारबालाले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम अन्त्येष्टि गर्न पाउने अधिकारलाई सुनिश्चित गर्ने।

ख) गाउँबासी सवै नागरिकहरुले सामाजिक रुपमा स-सम्मान पूर्वक जीवन जिउने वातावरणको अवस्था सृजना गर्न ।

ग) मृतक जानकी गाउँपालिका वासी र वेवारिसे नागरिकको शव दाहासंस्कारकालागि आर्थिक सहायताको रुपमा नगद वा दाउरा उपलब्ध गराउने ।

परिच्छेद -२

## शव दाहासंस्कारका लागि दाउरा सहायता उपलब्ध गराउने

**४. शव दाहसंस्कारका लागि दाउरा सहायता दिनेः**

१) गाउँपालिका वडामा बसोवास गर्न नागरिकहरुको अस्पताल, दुर्घटनास्थल, वासस्थान तथा समुदाय आदि स्थानहरुमा विभिन्न कारणबाट मृत्यु भएका मृत व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम अन्त्येष्टि गर्न दाउरा सहायता दिने ।

२)उपदफा१ वमोजिम दाउरा सहायता स्वरुप प्रदान गरिने रकमको सिमा गाउँपालिकाको गाउँसभावाट स्वीकृत बजेट तथा कार्यक्रममा व्यबस्था भए बमोजिम हुनेछ ।

**५.शव दाहासंस्कारकालागि दाउरा सहायता प्राप्त गर्ने व्यक्तिः**

क) जानकी गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने परिवारको संदस्य ।

ख) जानकी गाउँपालिका जुन सुकै स्थानमा शवलाई जलाएर दाहासंस्कार गरेको हुनुपर्ने।

ग) विगतमा आ-आफ्नो धर्म संस्कृति, चालचलन अनुसार शवलाई नजलाएर माटोमा गाडदा वा पानीमा सोझै जल समाधी गर्दा र क्रियाकाज गर्नलाई दाउरा उपलब्ध गराने छैन ।

घ) आ-आफ्नो धर्म संस्कृति, चालचलन अनुसार शव नजलाई गाडनेको हकमा शवलाई जलाएर शव दाहा संस्कार गर्दा पाए सरहको सेवा सुबिधा पाउनेछन ।

**६.दाउरा खरीद प्रक्रियाः**

गाउँपालिकाले प्रचलित सार्वजनीक खरीद ऐन तथा नियमावली र जानकी गाउँपालिकाको खरीद नियमावली २०७५अनुसार आवश्यक प्रक्रिया पुरा गरी प्रति शव दाहसंस्कारका लागि आवश्यक पर्ने दाउरा निशुल्क उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

**७. दाउरा सहायता उपलव्ध गराउने प्रक्रियाः**

क) अनुसुची १अनुसारको हकवालाको निवेदन तोक आदेस सहित ।

ख) हकवाला वा दाउरा लिनेवालाको नागरिकताको प्रतिलिपि ।

ग) वडा कार्यालयको सिफारीस पत्र ।

**८.दाउरा सहायता प्रदानः**

(१) नियमानुसार आवश्यक कागजात सहित पेश भएको निवेदन उपर गाउँ कार्यपालिकाको कार्यालयले जाँचबुझ गरी दाउरा सहायता प्रदान गर्नेछ ।

(२) उपदफा (१) अनुसार दाउरा सहायता प्रदान गरिएका विवरणहरुको अभिलेख व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

**९. शवदाहासंस्कारका लागि व्यवस्थापन समितिः**

शव दाहासंस्कारका लागि व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको शव दाहासंस्कारका लागि गाउँ व्यवस्थापन तथा समिति रहनेछ ।

| | |
|---|---|
| १) गाउँपालिका प्रमुख | संयोजक |
| २) गाउँपालिका उपप्रमुख | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ५) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| ६) जिन्सी शाखा प्रमुख | सदस्य |
| ७) वातारण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**१०. शव दाहासंस्कारका लागि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

१) गाउँ क्षेत्रमा मृतक व्यक्तिहरुको शव दाहासंस्कारको अवस्था तथा शव दाहासंस्कारकालागि दिइएको दाउरा सहायताको प्रभावकारीता सम्बन्धी अनुगमन गर्ने ।

२) गाउँ क्षेत्रमा मृतक व्यक्तिहरुको शव दाहासंस्कार सम्वन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वियन गर्ने गराउने ।

३) मृतक व्यक्तिहरुको शव दाहासंस्कारको लागि दिइने दाउरा सहायताका लागि आवश्यक पर्ने स्रोतको व्यस्थापन गर्ने ।

४) शव दाहासंस्कारको लागि दाउरा सहायता प्राप्त गर्ने व्यक्तिहरुको विवरण उल्लेख गरी प्रतिवेदन तयार गर्ने

५) समय समयमा गाउँपालिकाले दिएको निर्देशनको पालना गर्ने ।

६) तोकिएको अन्य कार्य गर्ने ।

**११. कोषको लेखा परिक्षणः**

१) शव दाहसंस्कारकारका लागि दाउरा सहयता सम्बन्धी खर्चको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

२) लेखा परिक्षण गराउने जिम्मेवारीनगरपालिकको हुनेछ ।

**१२. वाधा अडकाउ फुकाउ परिमार्जन संशोधन र खारेजी सम्बन्धी व्यवस्थाः**

१) यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

२) यस कार्यविधिलाईं आवश्यकता अनुसार गाउँ कार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

३) यस अघि शव दाहसंस्कारका लागि दाउरा सहायता सम्बन्धमा भए गरेका काम कारवाहि सम्बन्धी व्यवस्था यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -१

मिति:.....................

श्री:मान प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
जानकी गाउँपालिका मानपुर, बाँके ।

**विषयः-दाउरा सहायता उपलव्ध गराई पाउँ ।**

उपरोक्त विषयमा जानकी गाउँपालिका वडा नं.......को.....................टोलमा बस्ने म निवेदकले शव दाहासंस्कारका लागिका दाउरा सहायता उपलव्ध गराई पाउँ भनी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**संलग्न कागजातहरु:-**

१. हकवालाको नागरिकताको प्रतिलिपि ।
२. वडा कार्यालयको सिफारीस पत्र ।
३. मृतकको मुत्यु दर्ताकोप्रमाण पत्र ।

निवेदक:-
हस्ताक्षरः..........................
नामः........................
ठेगानाः .......................
मोवाईल न .......................

आज्ञाले,
**श्री छब्बन खाँ**
गाउँपालिका अध्यक्ष